**नेपाल सरकार**

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

**नयाँ बानेश्वर, काठमाडौं**

## सन्दर्भ ब्याजदर लागू गर्न सहकारी संस्थाहरुलाई सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनका लागि मिति २०७७।०७।१५ गते देखि लागू हुने गरी सन्दर्भ ब्याजदरको सीमा तोकिएको छ । उक्त मिति देखि सबै सहकारी संघ/ संस्थाले आफ्ना सदस्यलाई ऋण प्रवाह गर्दा अधिकतम् १४.७५ प्रतिशतमा नबढ्ने गरी तथा बचत र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशतभन्दा घटी कायम हुने गरी ब्याजदर लागू गर्ने व्यवस्था गर्नुहुन सूचित गरिन्छ । सहकारी ऐन, २०७४ अनुसार तोकेको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा कार्यान्वयन नगरेको भेटिएमा सहकारी कानुन बमोजिम कारबाही गरिने समेत जानकारी गराइन्छ ।